# भरतपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## भरतपुर, चितवन
## बागमती प्रदेश, नेपाल

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन बागमती प्रदेश, नेपाल २०७३

प.सं. २०७९/०८०
च.नं. ९१६९

मिति: २०८०/०२/१०

विषय: बजेट सिलिङ्ग सम्बन्धमा,

श्री सम्पूर्ण वडा कार्यालयहरु (१-२९),
भरतपुर, महानगरपालिका ।

उपरोक्त विषयमा, मिति २०८०/०२/०९ गतेको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठकको निर्णयानुसार आ.व. २०८०/०८१ को लागि वडागत रुपमा तपशिल बमोजिम क्षेत्रगत प्राथमिकता निर्धारण भएको हुँदा यसै बमोजिम वडागत योजना तथा कार्यक्रम तर्जुमा गरी जेठ २० गते भित्र योजना तथा बजेट शाखामा आइपुग्ने गरी उपलब्ध गराइदिनुहुन अनुरोध छ ।साथै वडागत योजना तथा कार्यक्रम छनौट गर्दा लिइने प्राथमिकताका आधारहरु, विषयक्षेत्र, विषयक्षेत्रभित्रका उपक्षेत्रसँग  दिगो विकासका लक्ष्यहरुलाई समेत आत्मीकरण हुने गरी योजना तथा कार्यक्रम निर्माण गर्नुहुन वडास्तरीय योजना तथा कार्यक्रम तर्जुमा समय तालिका सहित सम्बन्धित आवश्यक कागजातहरु यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

| क.स | क्षेत्र | बजेट सीमा | क्षेत्रको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | वडास्तरीय पूर्वाधार विकास योजना | न्यूनतम | ४० | प्रत्येक वडाले ५० लाख भन्दा बढीको १ वटा गौरवको आयोजनाको रुपमा बजेट विनियोजन गर्नुपर्ने । |
| २ | ग्राभेलिङ्ग कार्य | न्यूनतम | ५ | - |
| ३ | शैक्षिक विकास | न्यूनतम | १० | - |
| ४ | स्वास्थ्य | न्यूनतम | ५ | - |
| ५ | लक्षित वर्गको क्षमता विकास तथा रोजगारी सिर्जना कार्यक्रम | न्यूनतम | ३ | - |
| ६ | कृषि तथा पशु विकास | न्यूनतम | ५ | - |
| ७ | सीप विकास तालिम | न्यूनतम | २ | - |
| ८ | कार्यालय सन्चालन | अधिकतम | ३ | - |
| ८ | पर्यटन पूर्वाधार | न्यूनतम | २ | - |
| ९ | अन्य पूर्वाधार (आवश्यकताका आधारमा) | न्यूनतम | १८ | विघुत पोल व्यवस्थापन, स्थानान्तरण,कल्भर्ट, ह्युम पाइप,मेसजाली, ढल, ढकनी व्यवस्थापन, मोज्याक टायल लगायत अन्य पूर्वाधार । |
| १० | सरसफाई/विपद व्यवस्थापन, वातावरण तथा हरियाली प्रवर्द्धन, युवा तथा खेलकुद | न्यूनतम | ४ | - |
| ११ | आकस्मिक पूँजीगत कार्य | न्यूनतम | ३ | आकस्मिक रुपमा आउने आकस्मिक खर्च |
| | जम्मा | | १०० | - |
| | जम्मा  वडागत बजेट सिलिङ्ग | २,६०,००००० (प्रति वडा) | | |

(नरेन्द्र कुमार राना)
प्रमुख प्रशासकीय अधिकृत

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाटमहानगरपालिकाघोषणामितिफाल्गुन २७, २०७३)

यस भरतपुर महानगरपालिकाको आगामी आ.व २०८०/०८१ को बजेट तथा कार्यक्रम तर्जुमा हुने कार्य भइरहेकोले महानगर अन्तर्गतका सम्पूर्ण वडाहरुले आफ्नो वडाहरुमा योजना तथा कार्यक्रम देहाय बमोजिमको विषयहरुलाई प्राथमिकताको आधार बनाई वडागत योजना तथा कार्यक्रम छनौट गर्नुपर्ने छ। तपशिल बमोजिमका आधारहरुलाई सम्पूर्ण वडाहरुले मार्गदर्शनको रुपमा लिनु पर्नेछ ।

**प्राथमिकताका आधारहरु ;**

१. समग्र देशको तथा महानगरको आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने योजना तथा कार्यक्रमलाई प्रमुख प्राथमिकतामा राखी योजना छनौट गर्ने,

२. जनताको जीवनस्तरमा प्रत्यक्ष सहयोग पुग्ने गरी आम्दानी तथा रोजगारी सृजना बढाउन योगदान पुयाउने योजना तथा कार्यक्रम छनौट गर्ने,

३. स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्वयम सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने योजना छनौट गर्ने,

४. स्थानीय स्रोत, साधन, ज्ञान, सीपको अधिकतम प्रयोग हुने खालका योजना तथा कार्यक्रम छनौट गर्ने,

५. महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

६. लैङ्गिक समनाता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने योजनाहरुलाई प्राथमिकतामा राखी समतामूलक समाज निर्माण गर्न मद्दत पुग्ने योजना तथा कार्यक्रम छनौट गर्ने,

७. दिगो विकासका लक्ष्यलाई हरेक नागरिकको दैनिक जीवन पद्दतिसँग आत्मीकरण हुने गरी वडागत योजना तथा कार्यक्रमसंग मूलप्रवाहीकरण, स्थानीयकरण तथा संस्थागतिकरण हुने गरी योजनाहरुको छनौट गरी मानव, वातावरण र प्रकृतिसँगको सानिध्यततामा खलल नपुग्ने खालका योजनाहरुको छनौट गर्ने,

८. भाषिक तथा सांस्कृतिक पक्षको जर्गेना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुग्ने,

९. वडास्तरीय योजना छनौट गर्दा स्थानीय बुद्धिजिवी, विषय विज्ञ, अनुभवी, पेशाविद, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसङ्ख्यक, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक लगायत सरोकारवालाहरुको अर्थपूर्ण सहभागिता गराई Minority Voice को समेत उचित सम्बोधन हुनेगरी योजना तथा कार्यक्रम छनौट गर्ने,

१०. युवा उद्यमशिलता संस्कृति विकासका लागि युवा स्वरोजगार कार्यक्रमलाई विशेष प्राथमिकता प्रदान गर्ने खालका योजना तथा कार्यक्रमलाई विशेष ध्यान दिने,

११. एक आर्थिक वर्षभित्र कार्यान्वयन गर्न सकिने उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्न सहयोग पुग्ने तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने उत्पादन मूलक योजना मात्र छनौट गर्ने,

१२. पूर्वाधार विकासमा योजना छनौट गर्दा १० लाख भन्दा कम लागतको योजना छनौट नगर्ने र

१३. वडामा योजना छनौटको भेला कार्यक्रम गर्दा रु.१५ हजारमा नबढ्ने गरी खर्च गर्ने व्यवस्था मिलाउने।

प्रमुख प्रशासकीय अधिकृत

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

**विषयगत क्षेत्र छुट्याउने**

भरतपुर महानगरपालिका अन्तर्गत सम्पूर्ण वडा कार्यालयहरुले आफ्नो क्षेत्रभित्र सन्चालन गर्ने विकास निर्माण तथा अन्य महत्वपूर्ण कार्यहरुलाई देहायअनुसारका विषय क्षेत्रमा वर्गीकरण गरी वडाको आवश्यकता र प्राथमिकताअनुसार दिगो विकासका लक्ष्यहरुलाई समेत आत्मीकरण हुने गरी विषयक्षेत्रभित्र उपक्षेत्रहरु मिलाई गर्नुपर्नेछ,

**(क) आर्थिक विकास**

- कृषि
- सिंचाई
- पशु विकास,
- पर्यटन
- उद्योग तथा वाणिज्य
- सहकारी तथा वित्तीय सेवा
- श्रम तथा रोजगार प्रवर्द्धन

**यसका साथै यस विषयक्षेत्रभित्र देहायअनुसार दिगो विकास लक्ष्यलाई समावेश गर्नुपर्नेछ,**

- लक्ष्य नं.१; गरिबी हटाउनु
- लक्ष्य नं.२ शून्य भोकमरी
- लक्ष्य नं.८; मर्यादित काम तथा आर्थिक वृद्धि र
- लक्ष्य नं.१०; असमानतामा कमी

**(ख) सामाजिक विकासः**

- शिक्षा
- स्वास्थ्य
- खानेपानी तथा सरसफाई
- संस्कृति प्रवर्द्धन
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण
- महिला बालबालिका, अपाङ्गता भएका व्यक्ति,जेष्ठ नागरिक

प्रमुख प्रशासकीय अधिकृत

...महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

**यसका साथै यस विषयक्षेत्रभित्र देहायअनुसार दिगो विकास लक्ष्यलाई समावेश गर्नुपर्नेछ,**

- लक्ष्य नं.३; स्वास्थ्य जीवन र आरोग्यता
- लक्ष्य नं.४; गुणस्तरीय शिक्षा
- लक्ष्य नं.५; लैङ्गिक समानता
- लक्ष्य नं.६; स्वच्छ पानी र सरसफाई

**(ग) पुर्वाधार विकास**

- सडक, पुल तथा कल्भर्ट
- भवन तथा शहरी विकास
- उर्जा, लघु तथा साना जलविद्युत, सन्चार

**यसका साथै यस विषयक्षेत्रभित्र देहायअनुसार दिगो विकास लक्ष्यलाई समावेश गर्नुपर्नेछ,**

- लक्ष्य नं.७; सबैले धान्न सक्ने स्वच्छ उर्जा
- लक्ष्य नम.११; दिगो शहर तथा समुदाय

**(घ) वन, वातावरण तथा विपद् व्यवस्थापन**

- वन, भू तथा जलाधार संरक्षण
- जलवायु परिवर्तन अनुकूलन
- जलउत्पन्न प्रकोप नियनत्रण
- विपद जोखिम न्यूनीकरण र व्यवस्थापन
- वातावरण तथा फोहोरमैला व्यवस्थापन
- हरियाली प्रवर्द्धन

**यसका साथै यस विषयक्षेत्रभित्र देहायअनुसार दिगो विकास लक्ष्यलाई समावेश गर्नुपर्नेछ,**

- लक्ष्य नं.१२; उत्तरदायी उपभोग तथा उत्पादन
- लक्ष्य नं.१३; जलवायु परिवर्तन अनुकूलन कार्य
- लक्ष्य नं.१५; जमिन माथिको जीवन

प्रमुख प्रशासकीय अधिकृत

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

(ङ) सुशासन तथा संस्थागत विकास

- सङ्गठन तथा मानव संशाधन
- संस्थागत क्षमता विकास
- राजश्व परिचालन
- वित्तीय व्यवस्थापन
- नागरिक सन्तिष्टि सर्वेक्षण तथा सामाजिक उत्तरदायित्व
- आन्तरिक र अन्तिम लेखा परिक्षण
- सेवा प्रवाह, सूचना प्रवाह
- अन्तर निकाय समन्वय

**यसका साथै यस विषयक्षेत्रभित्र देहायअनुसार दिगो विकास लक्ष्यलाई समावेश गर्नुपर्नेछ,**

- लक्ष्य नं. १६; शान्ति, न्यायपूर्ण समाज र बलिया संस्था निर्माण
- लक्ष्य नम.१७; बहुसरोकार र साझेदारी

प्रमुख प्रशासकीय अधिकृत